# नारायणी डेभलपमेन्ट बैंक लि.
# Narayani Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"

Ratnanagar-1, Chitwan, Nepal
Tel: +977-56561258/560608
Fax: +977-56561670
www.ndbl.com.np, info@ndbl.com.np


मिति:२०७८/०९/०८

च.नं. NDBL/HO/221/078/79

श्री नेपाल धितोपत्र वोर्ड
खुमलटार, ललितपुर ।

बिषय: साधारण सभाको सुचनामा भुलसुधार गरिएको वारे ।

महाशय,

यस बैंकको मिति २०७८/०९/०७ को संचालक समितिको बैठकको निर्णयानुसार यही मिति २०७८/०९/२९ गते विहीवारका दिन हुन गईरहेको बैंकको २०औं बार्षिक साधारण सभाको सूचनामा प्रकाशित केही बिषेश प्रस्तावमा बैंकको मिति २०७८/०९/०८ को संचालक समितिको बैठकले भुलसुधार गरी पुनः सूचना प्रकाशन गर्ने निर्णय गरे बमोजिम मिति २०७८/०९/०९ गतेको राष्ट्रिय आर्थिक दैनिकमा पुनः सुचना प्रकाशन गर्न लागिएको व्यहोरा जानकारीको लागी अनुरोध छ ।

संलग्न :

१) सच्चयाइएको २०औं बार्षिक साधारण सभाको सुचना ।

भवदीय,

पशुपति पौडेल
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

**बोधार्थ:**

१. श्री नेपाल स्टक एक्सचेन्ज लि.सिहंदरवार प्लाजा, काठमाण्डौ ।
२. श्री सि.डि.एस. एण्ड क्लियरीङ्ग लि., पुतलीसडक, काठमाण्डौ ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन बिभाग, वालुवाटार, काठमाण्डौ ।
४. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरीवेक्षण बिभाग, वालुवाटार, काठमाण्डौ ।
५. ग्लोवल आइएमइ क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ ।

# नारायणी डेभलपमेन्ट बैंक लिमिटेड

## को

## २०औं वार्षिक साधारण सभा सम्बन्धी सुचना

यस नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको संचालक समितिको मिति २०७८/०९/०७ गते को निर्णयानुसार यस कम्पनीको २०औं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल गर्न बोलाउने निर्णय भएको हुनाले शेयरधनीहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

**साधारण सभाको मिति, समय, स्थान**

मिति : २०७८ पौष २९ गते विहीवार ।

स्थान : होटल सेन्ट्रल पार्क, सौराहा, चितवनमा भौतिक र Virtual (Zoom App) मार्फत सभा संचालन गरिनेछ ।

साधारण सभा हुने समय : दिउँसो ११:३० बजे ।

**छलफलको विषय :-**

**(क) साधारण प्रस्ताव**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्युको आर्थिक वर्ष २०७७/०७८ को प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ साल असार मसान्तको वित्तीय विवरण, सोही मितिमा पेश भएको आर्थिक वर्ष २०७७/०७८ को नाफा नोक्सान हिसाब विवरण, नगद प्रवाह विवरण, इक्वीटिमा भएको परिवर्तनको विवरण र सो सँग सम्बन्धित अनूसुचीहरु सहितको वित्तीय विवरणहरु पारित गर्ने ।

(३) लेखापरीक्षण समितिको सिफारीसमा बैंकको आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) संचालक नियुक्ति अनुमोदन गर्ने ।

(५) संचालक समितिका पदाधिकारीको बैठक भत्ता तथा सुबिधा निर्धारण गर्ने सम्बन्धमा ।

(६) विविध ।

**(ख) बिशेष प्रस्तावहरु :**

(१) कम्पनीको नियमावली शंशोधन गर्ने सम्बन्धमा ।

(२) यस नारायणी डेभलपमेण्ट बैंक लि.र अन्य बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति/समाहित (Acquisition) हुने, रणनीतिक साझेदार, नयाँ लगानीकर्ता भित्रयाउने प्रयोजनका लागि उपयुक्त बैंक वित्तीय संस्था, साझेदार, लगानीकर्ताको पहिचान गर्ने, सहमति पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्व मुल्याकंन (Due Diligence Audit) गर्ने परामर्शदाता, मुल्याकंनकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने तथा उक्त कार्यसँग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने ।

(३) कम्पनीको नियमावलीमा संशोधन गर्ने सम्बन्धमा कम्पनीको आवश्यकता अनुसार तथा नियमनकारी निकायहरुवाट कुनै फेरवदल, सुझाव भएमा सोही अनुसार आवश्यक फेरवदल गर्न संचालक समिति वा संचालक समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिन स्वीकुत दिने ।

(४) विविध ।

**२०औं बार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरु**

१) हालको कोभिड १९ को महामारीका कारण नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्ड पुर्ण पालना गरी सभा सम्पन्न गर्नुपर्ने बिषेश परिस्थीतीका कारण बिषेशत भर्चुअल माध्यमवाट वा अनुकुल भएमा भौतिक रुपमा उपस्थित भइदिनुहुनको लागी हार्दीक अनुरोध छ । भर्चुअल माध्यमवाट भएको उपस्थितीलाई शेयरधनीले साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको कार्यालयमा उपस्थित भई कम्पनीको हाजिरी कापीमा दस्तखत अभिलेखिकरण गर्न र त्यसपछी भर्चुअल माध्यमवाट उपस्थित हुन सक्नुहुनेछ ।

२) भर्चुअल माध्यमवाट भएको शेयरधनीहरुको उपस्थिती सभाहलमा उपस्थित भएसरह मान्यता दिइने ब्यहोरा समेत जानकारी गराउदछौ ।

३) भर्चुअल माध्यमवाट उपस्थित शेयरधनीहरुको हाजीर निजले गरेको Login मार्फत Login भएको देखिने गरी प्रमाणको निमित्त फोटो खिचेर राखिनेछ । साथै सभा संचालन अवधीभरको भिडियो रेर्कडिङ्ग गरिनेछ ।

४) Meeting ID/Password को निमित्त बैंकको इमेल info@ndbl.com.np मा समयमै सम्पर्क गरी प्राप्त गर्न सकिने व्यवस्था गरीएको ब्यहोरा जानकारी गराउदछौ । Meeting ID/Password उपलब्ध गराउनको लागी शेयरधनीहरुको Verfication गर्नुपर्ने भएको हुनाले साधारण सभा हुनुभन्दा चौविस घण्टा अगावै Meeting ID/Password लिन सम्पुर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौ र सोही Email Address मा साधारण सभाको प्रतिवेदन समेत पठाइनेछ ।

५) २०औं वार्षिक साधारण सभा प्रयोजनका लागि २०७८/०९/२० गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द रहनेछ । मिति २०७८/०९/१९ गते सम्म नेपाल स्टक एक्सचेन्जमा कारोबार भै प्रचलित कानून बमोजिम बैंकको शेयर रजिष्ट्रार ग्लोबल आइ.एम.इ क्यापिटल लि. मा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरु मात्र साधारण सभामा भाग लिन हाजिर गर्न योग्य हुनेछन ।

६) भर्चुअल माध्यमवाट साधारण सभामा मन्तब्य राख्न चाहाने शेयरधनी महानुभावले कम्तिमा साधारण सभा हुनुभन्दा दुई दिन अगावै बैंकको इमेल info@ndbl.com.np मा सम्पर्क गरी नाम टिपोट गराउनुहुन अनुरोध छ ।

७) बार्षिक साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधी नियुक्त गर्न चाहाने शेयरधनी महानुभावले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधीपत्र (प्रोक्सी) बमोजिमको ढाँचामा प्रतीनिधीपत्र भरी प्रतिनिधी नियुक्त गर्नुपर्नेछ । यसरी नियुक्त प्रतिनिधीले कम्तीमा ४८ घण्टा अगावै बैंकमा दर्ता गरीसक्नुपर्नेछ ।

८) अन्य थप जानकारीको लागी यस बैंकंको केन्द्रीय कार्यलय रत्ननगर १, टाँडी चितवनमा सम्पर्क गर्नुहोला वा बैंकंको सुचना पाटीमा हेर्नु होला ।

आज्ञाले
कम्पनी सचिव

*द्रष्टब्य: मिति २०७८/०९/०८ मा अभियान दैनिकमा प्रकाशित सुचनालाई सच्चयाई पुन: प्रकाशित*